apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्ष: १२ ● अंक: १७५ ● पृष्ठ: ४ ● २८ असार २०८३ आइतबार (12 July 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## मिटरब्याज पीडितको पैदल मार्च: तेस्रो दिन लालबन्दी पुग्यो

**बालेन प्रधानमन्त्री भएको १०० दिन पूरा भइसक्दा पनि उनको भाषणअनुसार आश्वासन पूरा नभएको भन्दै न्यायको खोजीको घोषणासहित मिटरब्याज पीडित काठमाडौंका लागि पैदलयात्रामा निस्किएका हुन् ।**

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २७ गते**

मिटरब्याज विरुद्धको (पैदल) न्याय मार्च शनिबार तेस्रो दिन लालबन्दी पुगेको छ। मिटरब्याज पीडितले बिहीबार जनकपुरको तिरहुतियागाछीबाट पैदल यात्रा सुरु गरेका थिए।

प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)ले रास्वपाको चुनावी अभियानअन्तर्गत जनकपुरको तिरहुतियागाछीमै सम्बोधन गरेर 'मधेशबाट अब अधिकार माग्न काठमाडौं जानुपर्दैन' भनेर भाषण गरेका थिए।

बालेन प्रधानमन्त्री भएको १०० दिन पूरा भइसक्दा पनि उनको भाषणअनुसार आश्वासन पूरा नभएको भन्दै न्यायको खोजीको घोषणासहित मिटरब्याज पीडित काठमाडौंका लागि पैदलयात्रामा निस्किएका हुन्।

तेस्रो दिन शनिबार बर्दिबासबाट अघि बढेको यात्रा बर्दिवास-लालबन्दी सडकखण्डमा हुँदै अघि बढेर २६




किलोमिटर लामो यात्रा गरी लालबन्दी पुगेको पीडितहरूले बताएका छन्।

उनीहरूका अनुसार शनिबार राति लालबन्दीमै बसेर आइतबार बिहान त्यहाँबाट यात्रा थाल्ने बताएका छन्।





## मधेशको बजेटमाथि छलफलका लागि बोलाइयो प्रदेश सभा बैठक




**अपन दैनिक संवाददाता**
**सिरहा, असार २७ गते**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेटमाथि छलफलका लागि आइतबार प्रदेश सभाको बैठक बोलाइएको छ।

शनिबार प्रदेश सभा कार्य व्यवस्था परामर्श समितिको बैठकबाट प्रदेश सभाको बैठक बोलाउने सहमति भएको हो। आर्थिक वर्ष सकिन चार दिन मात्र बाँकी रहेकाले बजेट पारित नभए आर्थिक संकटमा फस्ने दृष्टिगत गर्दै प्रदेश सभाको बैठक बोलाउने निर्णय गरिएको हो। आइतबार दिउँसो १ बजे प्रदेश सभाको बैठक बोलाइएको छ।

बैठकमा सहभागी नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाका अनुसार बजेट पारित हुन नसके प्रदेश आर्थिक संकटमा फस्न सक्ने सभामुख एवं कार्यव्यवस्था समितिका संयोजक रामआशिष यादवले स्मरण गराएका थिए। सभामुख यादवको प्रस्तावमा आइतबार बैठक बोलाउने सहमति जुटेको झाले बताए।

विपक्षी दलसँग समस्या समाधानका लागि आइतबार बिहान ११ सर्वदलीय बैठक बोलाउने निर्णय भएको उनले

बाँकी पृष्ठ ४ ▸▸

## कर्तव्य ज्यान र संगठित अपराधका दुई प्रतिवादी पुर्पक्षका लागि कारागार चलान

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २७ गते**

कर्तव्य ज्यान तथा संगठित अपराधसम्बन्धी छुट्टाछुट्टै दुई मुद्दामा पक्राउ परेका दुई प्रतिवादीलाई जिल्ला अदालत सिरहाले पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा नगरपालिका-१ का प्रेमनाथ यादवको हत्या प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ परेका स्थानीय पूर्वशिक्षक उपेन्द्र यादव तथा औरही गाउँपालिका-५ का ५५ वर्षीय हरि ठाकुरलाई शुक्रबार अदालतको आदेशपछि सिरहा कारागार पठाइएको हो। ठाकुरमाथि स्थानीय पुजारीमाथि भएको ज्यान मार्ने उद्योग तथा संगठित अपराधसम्बन्धी मुद्दा चलाइएको छ।




प्रहरीका अनुसार १६ माघमा सिरहा नगरपालिका-७ स्थित बाँसघारी क्षेत्रमा प्रेमनाथ यादवको गोली हानी हत्या गरिएको थियो। प्रारम्भिक अनुसन्धानमा पारिवारिक रिसइबी र मनमुटावका कारण भारतीय सुटर परिचालन गरी हत्या गराइएको खुलेपछि उपेन्द्र यादवलाई गत २७ वैशाखमा पक्राउ गरिएको थियो।

प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार घटनाको अनुसन्धान नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी), प्रदेश प्रहरी कार्यालय तथा मधेश प्रदेश प्रहरी कार्यालयको समन्वयमा प्राविधिक विश्लेषण र सूक्ष्म अनुसन्धानमार्फत गरिएको हो।

अनुसन्धानबाट मृतकको परिवारसँग करिब चार वर्षदेखि पारिवारिक विवाद रहेको र त्यसकै बदलास्वरूप भारतीय सुटरलाई तीन लाख रुपैयाँ सुपारी दिने सहमति भएको खुलेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार

बाँकी पृष्ठ ४ ▸▸

## कञ्चनपुर-कमला सडकखण्डको स्तरोन्नति तीव्र, ७५ प्रतिशत भौतिक प्रगति

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २७ गते**

पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) अन्तर्गत कञ्चनपुर-कमला सडकखण्डको स्तरोन्नति कार्यले गति लिएको छ। आयोजना अन्तर्गत सप्तरीको माहुली क्षेत्रमा हाल धमाधम कालोपत्रे गर्ने कार्य भइरहेको छ।

चिनियाँ निर्माण कम्पनी 'चाइना रेलवे नं. २ इन्जिनियरिङ ग्रुप कम्पनी लिमिटेड' ले निर्माण गरिरहेको यस सडकको हालसम्मको कुल भौतिक प्रगति ७२ देखि ७५ प्रतिशत पुगेको छ। वि.सं. २०७७ कात्तिक १३ गतेदेखि निर्माण सुरु गरिएको यस आयोजनाको काम लक्ष्यअनुसार सम्पन्न हुन नसकेपछि आगामी डिसेम्बर अन्तिमसम्मका लागि चौथो पटक म्याद थप गरिएको छ।



सडक विभाग, आयोजना निर्देशनालय अन्तर्गत कार्यान्वयनमा रहेको यो योजना थपिएको म्यादभित्रै सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्यलाई तीव्रता दिइएको छ।

कुल ८६.७३ किलोमिटर लम्बाइ रहेको यस सडकलाई कञ्चनपुर-कमला सडक योजना अन्तर्गत पूर्वी र पश्चिमी गरी दुई खण्डमा विभाजन गरेर निर्माण अघि बढाइएको छ। जसमध्ये पूर्वी खण्ड अन्तर्गत सप्तरीको कञ्चनपुरदेखि कुशाहासम्मको ३९.४२ किलोमिटर सडक ७ अर्ब ४७ करोड रुपैयाँको लागतमा निर्माण भइरहेको छ।

त्यसैगरी, सप्तरीको कुशाहादेखि

बाँकी पृष्ठ ३ ▸▸

## मधेश प्रदेश सरकारको बजेट खर्च ५६.३१ प्रतिशत

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २७ गते**

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२।८३ मा विनियोजित बजेटको ५६.३१ प्रतिशत बजेट खर्च गरेको छ। असार २५ गतेसम्म भुक्तानी भएकोमा २६ अर्ब ४५ करोड ६७ लाख ४७ हजार ९ रुपैयाँ खर्च भएको हो।

चालु तर्फ ६०.६९ प्रतिशत अर्थात ९ अर्ब ४९ करोड १५ लाख ९८ हजार ९ सय र पुँजीगत तर्फ ५४.१२ प्रतिशत अर्थात १६ अर्ब ९६ करोड ५१ लख ४८ हजार १०९ रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेशले जनाएको छ।

मन्त्रालयगत अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबैभन्दा बढी प्रतिशत बजेट खर्च गरेको छ




भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबैभन्दा कम प्रतिशत बजेट खर्च गरेको हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि ६ अर्ब ९ करोड ९५ लाख ७० हजार ४४२ रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ७१.४५ प्रतिशत

बाँकी पृष्ठ ३ ▸▸

## धनुषामा उपमेयर सवार सरकारी गाडी र एम्बुलेन्स ठोक्किँदा ८ जना घाइते



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २७ गते**

धनुषाको मिथिला नगरपालिका-९ बडहरीस्थित पूर्व-पश्चिम लोकमार्गमा शनिबार बिहान उपमेयर सवार सरकारी गाडी र बिरामी बोकेको एम्बुलेन्स एकापसमा ठोक्किँदा ८ जना घाइते भएका छन्।

नेपाल प्रहरीका अनुसार बिहान करिब ६:२० बजे बडहरीबाट विराटनगरतर्फ बिरामी लिएर जाँदै गरेको ना.२ च २३२ नम्बरको एम्बुलेन्स र ढल्केवरबाट बर्दिबासतर्फ जाँदै गरेको प्रदेश २-०२-००१ झ ००८२ नम्बरको सरकारी गाडी एकापसमा ठोक्किएका हुन्। सरकारी गाडीमा धनुषाधाम नगरपालिकाकी उपमेयर विद्या भुजेल सवार थिइन्।

दुर्घटनामा एम्बुलेन्स चालकसहित

बाँकी पृष्ठ २ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।


## सम्पादकीय...

### विद्यालयमा शुद्ध खानेपानी

सिरहाको गोलबजार नगरपालिका-११ मा रहेको जनता माध्यमिक विद्यालय, बलकावामा खानेपानी उपचार (वाटर ट्रिटमेन्ट) प्लान्ट स्थापना गरिएको छ। यसले विद्यालय स्वास्थ्य, गुणस्तरीय शिक्षा र बालअधिकार सुनिश्चित गर्ने सकारात्मक पहल हो। त्यस विद्यालयका करिब ५०० विद्यार्थीले अब नियमित रूपमा शुद्ध खानेपानी पाउने भएको छ। मधेश प्रदेशका धेरै विद्यालयमा अझै पनि सुरक्षित खानेपानीको अभाव छ। विशेष गरी तराई-मधेशका धेरै स्थानमा भूमिगत पानीमा आइरन, आर्सेनिक वा अन्य प्रदूषक तत्वको मात्रा बढी हुने समस्या छ। यस्ता पानीको लामो समयसम्म प्रयोगले विद्यार्थीको स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ। स्वस्थ विद्यार्थी बिना गुणस्तरीय शिक्षा सम्भव हुँदैन भन्ने तथ्यलाई सबै तहका सरकारले आत्मसात गर्न आवश्यक छ। बलकावा विद्यालयमा हेल्पिङ ह्याण्ड र हेल्पिक हार्ट नेपालको सहकार्यमा स्थापना गरिएको प्लान्टले सरकार, स्थानीय तह र गैरसरकारी संस्थाबीचको साझेदारीले ठोस परिणाम दिन सक्ने उदाहरण प्रस्तुत गरेको छ। यस्ता सहकार्यलाई अन्य विद्यालयसम्म विस्तार गर्न सकिए हजारौं विद्यार्थी प्रत्यक्ष लाभान्वित हुनेछन्।

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले आगामी वर्षदेखि स्वयंसेवक शिक्षक, नमुना विद्यालय र छात्रावास निर्माणका योजना सार्वजनिक गरेका छन्। यी योजनासँगै विद्यालयमा खानेपानी, शौचालय, सरसफाइ र स्वच्छताको व्यवस्थालाई पनि समान प्राथमिकता दिनुपर्छ। आधुनिक भवन मात्र भएर शिक्षा प्रभावकारी हुँदैन। विद्यार्थीको स्वास्थ्य सुरक्षित हुने वातावरण पनि उत्तिकै आवश्यक हुन्छ। स्थानीय सरकारले पनि विद्यालयको पूर्वाधार विकासलाई निरन्तरता दिनुपर्छ। खानेपानी उपचार प्लान्ट जडान भएपछि त्यसको नियमित मर्मत, गुणस्तर परीक्षण र सञ्चालनको जिम्मेवारी स्पष्ट रूपमा व्यवस्थापन गरिनुपर्छ। स्थापना गरेर मात्रै दायित्व पूरा हुँदैन, दीर्घकालीन सञ्चालन सुनिश्चित गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। शुद्ध खानेपानी प्रत्येक बालबालिकाको आधारभूत अधिकार हो। बलकावाको यो पहललाई एउटा नमुना बनाएर मधेश प्रदेशका सबै विद्यालयमा सुरक्षित खानेपानीको पहुँच विस्तार गर्न सकिए विद्यार्थीको स्वास्थ्यमा सुधार, विद्यालय उपस्थितिमा वृद्धि र सिकाइ उपलब्धिमा समेत सकारात्मक प्रभाव पर्नेछ। प्रदेशका विद्यालयमा यस्ता कार्यक्रमलाई अभियानका रूपमा विस्तार गर्नुपर्छ। स्वस्थ विद्यार्थी नै समृद्ध समाज र उज्ज्वल भविष्यको सबैभन्दा बलियो आधार हुन्।

संविधानले नागरिकको मौलिक हक, बालबालिकाको अधिकारको कुरा गरेको छ। शिक्षासंगै स्वस्थ्यकर खानेपानी बालबालिकाको अधिकार हो। उनीहरुले विद्यालयमा बालमैत्री व्यवहारसंगै खानेपानी जस्ता अधिकारको सवालमा पछि पर्नु हुँदैन्। त्यसैले मधेश प्रदेश सरकार र प्रदेशका १३६ स्थानीय तहले उनीहरूलाई आधारभूत सुविधा दिनैपर्छ। त्यसको लागि आवश्यक सहकार्य गर्नुपर्छ।

### धनुषामा उपमेयर सवार सरकारी ...........

एम्बुलेन्समा रहेका पाँच जना र सरकारी गाडीमा रहेका तीन जना गरी कुल ८ जना घाइते भएका छन्। घाइते सबैलाई उपचारका लागि जानकी मेडिकल कलेज, रमदैया, धनुषा पठाइएको प्रहरीले जनाएको छ।

घाइतेमध्ये एम्बुलेन्स चालक दिपेन्द्र कुमार महतो, बसन्त कुमार सिंह, राजु देवी र लक्ष्मी महतोको अवस्था सामान्य रहेको छ भने रेणु कुमारी महतोको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। सरकारी गाडी चालक बद्री भुजेल, उपमेयर विद्दा भुजेल र भीमराज भुजेलको अवस्था पनि सामान्य रहेको बताइएको छ। प्रहरीले दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जनाएको छ।


अपन दैनिक
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म


# ओझेलमा पर्नसक्छ रास्वपा सरकारको दलितसँग माफी कार्यक्रम




हुनत २०६३ सालमा पुनर्स्थापित प्रतिनिधिसभाले जेठ २१ गतेका दिन देशलाई 'छुवाछूतमुक्त राष्ट्र' घोषणा गर्‍यो, त्यो हाम्रो लागि त्यति आश्चर्यको विषय थिएन। म आफैं त्यतिबेला 'दलित गैरसरकारी संस्था महासङ्घ' मा कार्यरत थिएँ र दलितको सशक्तीकरण र समावेशीकरणको ठूलो परियोजना सञ्चालन गरेको थिएँ। त्यतिबेला हामी विभिन्न प्रसङ्गवश देश छुवाछूतमुक्त राष्ट्र घोषित हुनुपर्ने धारणा राख्यौं। त्यहाँ खासगरी एमालेनिकट साथीहरू प्रशस्तै थिए, सम्भवत: उनीहरूले हाम्रो यो धारणालाई पार्टीसमक्ष पुऱ्याए।

इतिहासमा पहिलो पटक चुनाव नलडिकन पाएको माओवादीको ८३ सिटमा उसले १८ जना दलितलाई पनि सांसद बनायो। त्योभन्दा अगाडिसम्म २०४८ साललाई छोडेर प्रतिनिधिसभा दलितविहीन थियो। माओवादीले आफ्ना विभिन्न जनसरकारहरूमा पनि थुप्रै दलितलाई सरकार प्रमुख बनाएको थियो। यिनै रापतापको बलमा नेपाली कांग्रेसका परशुराम मेघी गुरुङको प्रस्तावमा सर्वसम्मत रूपमा संसद्ले 'छुवाछूतमुक्त राष्ट्र' को सङ्कल्प प्रस्ताव पारित गर्‍यो। र हामीले कुनै खास औपचारिक रूपमा माग नगरेको विषयलाई पूरै देशले आत्मसात् गर्‍यो, हामी पनि हर्षले गद्गद् भयौं।

तर त्यो सङ्कल्प प्रस्तावलाई राज्यको औपचारिक संयन्त्रले कहिल्यै आफ्नो बनाएन। केवल केही समय हामीले विदेशी दाताको पैसा लिएर गर्ने कार्यक्रममा सीमित भयो भने, अहिले त्यसलाई राष्ट्रिय दलित आयोगले केही सरकारी बजेटको कार्यक्रम सहित औपचारिकता पाइरहेको छ। यसपालिको जेठ २१ गतेको उपलक्ष्यमा राष्ट्रपति र सभामुखका तर्फबाट शुभकामना पाइयो भने, दिउँसो अपराह्न प्रधानमन्त्री बालेन्द्र शाहको पनि शुभकामना मन्तव्य सामाजिक सञ्जालमा देखियो।

रास्वपाले आफ्नो चुनावी वाचापत्रको पहिलो नम्बरको बुँदामै दलितले भोगेको विभेद विरुद्ध राज्यले माफी माग्ने कुरा गर्‍यो। यो हाम्रो लागि आश्चर्यको विषय थियो। किनभने, रास्वपाको पार्टी संयन्त्रमा दलितको सशक्त उपस्थिति कहींकतै थिएन। रास्वपाको हामीले चिनेको अनुहार सन्तोष परियार बाहिरिसकेका थिए, अरू भएका एक-दुई जना दलितले रास्वपाको नीतिमा त्यस्तो प्रभाव पार्ने देखिएका थिएनन्। तर यसको पत्र खोल्दै जाँदा धेरै रोचक प्रसङ्गहरू देखिंदोरहेछ।

रास्वपाका संस्थापक केन्द्रीय सदस्य महेश्वर घिमिरे, जो आफैं फरक क्षमता भएका व्यक्ति हुन्, उनले हामीसँगको लामै अन्तरक्रियामा अस्ट्रेलियाको पढाइको सिलसिलामा त्यहाँको सरकारले त्यहाँका आदिवासीलाई उपनिवेश बनाउने क्रममा गरेको ज्यादती विरुद्ध औपचारिक रूपमा क्षमायाचना गर्दै ती आदिवासीहरूको हितमा विभिन्न रणनीतिक कार्यक्रमहरू गरेको प्रसङ्ग सुनाए। त्यही माफीलाई घिमिरेले रास्वपाको वाचापत्र निर्माण गर्ने क्रममा राखेको बताए।

उनी एक्लैको प्रयासले मात्र त्यो आएको त पक्कै होइन भन्दै खोज्दै जाँदा, अमेरिकामा एक जना दलितप्रति अत्यन्तै सहृदय व्यक्ति होम आचार्य बस्छन् र नेपाल आउजाउ गर्दा हाम्रा विभिन्न कार्यक्रममा पनि सहभागी हुन्छन्। उनले २०१७ को डिसेम्बर २७ का दिन वासिङ्टन डीसीको लिङ्कन मेमोरियलको प्राङ्गणमाथि, त्यहाँ वाल्टिमोर तथा भर्जिनिया क्षेत्रमा बसोबास गर्ने दलित समुदायका व्यक्तिहरूलाई सिंढीमाथि राखेर उनी तथा उनका केही साथीहरू तल बसेर, घुँडा टेकेर 'हामी लगायत हाम्रो पुस्ताले जुन तपाईंहरूमाथि अन्याय गरेको छ, त्यसको लागि हामी माफी माग्छौं' भन्दै खिचेको फोटो हामी बीचमा निकै भाइरल भयो।

पछि सुन्नमा आए अनुसार अहिलेका परराष्ट्रमन्त्री शिशिर खनाल उनै होम आचार्यका असल मित्र हुन्। सम्भवत: करिब ९ वर्ष अगाडि अमेरिकामा बस्ने होम आचार्यको माफी शिशिर खनालको लागि पनि प्रेरणा भयो कि भन्ने चर्चा गरिन्छ।

प्रधानमन्त्री बालेन्द्र शाहको भूमिका यो माफीको प्रसङ्ग ल्याउँदा कस्तो थियो भन्ने सार्वजनिक चर्चामा त छैन, तर उनी आफैं जातीय विभेदबाट पीडित हुन् भन्ने कुरा सामाजिक सञ्जालमा भाइरल थियो।

रवि लामिछाने 'सिधा कुरा' को प्रस्तोता हुँदा पनि जातीय विभेदबाट पीडित व्यक्तिहरूलाई बेलाबेलामा कार्यक्रममा स्थान दिएर उनीहरूलाई न्याय दिलाउने प्रयास गरेका थिए। उनी हाम्रा समुदायका व्यक्तिहरूसँगको भेटघाटमा पनि दलित समुदायप्रति संवेदनशील भएको कुरा भन्थे।

हाम्रा केही साथीले 'दलित गोलमेच अभियान' सञ्चालन गरेका थिए। यसको मुख्य उद्देश्य दलितको वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्दै २०८४ मा हुने चुनावको लागि तयारी गर्नु थियो। तर भदौ २३ र २४ गतेको आन्दोलनले चुनावलाई दुई वर्ष अगाडि नै ल्याइदियो। एउटा सोच र केही शक्ति त निर्माण भएको थियो, तर त्यसलाई पार्टीको आकार दिन सक्ने अवस्था थिएन, पुराना पार्टीहरूसँग जाने स्थिति थिएन।

वैकल्पिक रूपमा उदाएका वा उदाइरहेकाहरूसँग उहाँहरूले संवाद गर्ने क्रममा नख्खु जेलमा रहेका रास्वपा सभापति रवि लामिछानेसँग पनि निकै लामो र सौहार्दपूर्ण भेट भएछ। उहाँहरूले भनेअनुसार सभापतिले लगभग ४६ मिनेट उहाँहरूसँग संवाद गरेछन् र भनेछन्– 'रास्वपा सबैभन्दा ठूलो राजनीतिक पार्टी हुँदैछ, त्यसकारण तपाईंहरू जस्तो दलित आन्दोलनबाटै खारिएर आएका साथीहरू समाहित हुनुहोस्। तपाईंहरूले भनेकै आधारमा पार्टीले दलितसँग सम्बन्धित नीतिहरू बनाउनेछ।'

उनले थपेछन्, 'म जे भए पनि बाहुन हुँ र मैले त देखेको मात्रै हुन्छु, तपाईंहरूले त भोगेर आउनुभएको छ। तपाईंहरू पार्टीमा प्रवेश गर्नुभयो भने दलित समाजलाई मैले तपाईंहरूलाई हेरेर पढ्ने हो। तपाईंहरू नै मेरा लागि समाज बुझ्ने किताब हुनुहुनेछ।'

रविले हाम्रा लागि अर्को गम्भीर कुरा पनि भनेछन्, 'तपाईंहरू जस्ता मान्छे पार्टीमा प्रवेश गर्नुभयो भने पार्टी र तपाईंहरूको समुदायको लागि पनि राम्रो हुनेछ। तर तपाईंहरू आउनुभएन भने पार्टीमा दलित समुदायबाट एभरेज मान्छेहरू आउनेछन् र उनीहरूले तपाईंहरूको अपेक्षा अनुरूप कार्य गर्न सक्ने छैनन्, र तपाईंहरूको एजेन्डा १०-१५ वर्ष पछाडि पर्नेछ।'

दलित गोलमेच अभियानका साथीहरूले रविले भने अनुसार आफूलाई त्यहाँ समाहित गर्न सकेनन् वा ढिलो गरे। नभन्दै अहिले हाम्रो मूल्याङ्कनमा दलित समुदायका नामै नसुनेका, कुनै वैचारिकी तथा आन्दोलनको पृष्ठभूमि नभएका व्यक्तिहरूको प्रवेश भएको देखिन्छ। जसको केही नाम सुनिएको थियो, उनीहरू पनि आवाज तथा भूमिकाविहीन भएको देखिन्छ।

माथि उल्लिखित घटनाहरूको विश्लेषण गर्दा रास्वपाको दलितसँग माफी माग्ने नीति त्यत्तिकै आएको होइन भन्ने देखिन्छ। यो आलेख तयार पार्दै गर्दा सरकारले आफ्नो १०० दिन मनाइसकेको छ। पार्टीको १ नम्बरमा परेको माफी सरकारको ५ नम्बर बुँदामा मात्रै परेको थिएन, सरकारले शासकीय सुधारको १०० बुँदे कार्यक्रममध्ये माफीको कार्यक्रम १५ दिनभित्र सार्वजनिक गर्ने घोषणा गरेको थियो। तर अहिले १०० दिन पुग्दानपुग्दै त्यो विस्मृतिमा पुगेको देखिन्छ।

हामीले अपेक्षा गरेका थियौं, वाचापत्रमा उल्लेख भएको सो माफीनामाले राष्ट्रपतिको सम्बोधन र अर्थमन्त्रीको बजेट भाषण मार्फत कार्यान्वयनमा जानेछ। तर अर्थमन्त्रीले पाँच वर्षमुनिका दलित बालबालिकाको लागि विनियोजन गरेको ३ अर्बको बजेटलाई नै माफीको स्वरूप हो भनेर भनिदिनुभयो। जबकि सो कार्यक्रमको सुरुआत डा. बाबुराम भट्टराई अर्थमन्त्री भएदेखि शुरु भएको हो। मैले प्रधानमन्त्री कार्यालयका निजामतीतर्फका स्वकीय सचिव प्रदीप परियारसँग पनि यो माफीको प्रसङ्ग उठाएको थिएँ, तर उनले बडो रुखो शैलीमा 'केही नभएको' जवाफ फर्काए।

जसरी २०६३ जेठ २१ को छुवाछूतमुक्त राष्ट्र घोषणा औपचारिकतामा मात्र सीमित भयो, अर्कोतर्फ दलितमाथि हुने विभेद र हत्यासम्मका घटनाहरूले न्याय नपाई ओझेलमा पर्ने स्थिति देखिएको छ, रास्वपाको माफी पनि यसरी नै ओझेलमा पर्ने देखिन्छ।

## आजको राशिफल

**मेष :** आजको दिन आर्थिक रूपमा निकै सबल रहनेछ। रोकिएका धनका स्रोतहरू खुल्नेछन्।

**बृष :** मानसिक ऊर्जावान् महसुस गर्नुहुनेछ। नयाँ योजनाहरू बनाउन र तिनलाई कार्यान्वयन गर्न आजको दिन उत्तम छ।

**मिथुन :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले आर्थिक कारोबारमा ध्यान दिनुहोला।

**कर्कट :** आजको दिन आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। साथीभाइ र दाजुभाइको सहयोगले ठुला इच्छा।

**सिंह :** कार्यक्षेत्र र करियरको दृष्टिकोणले आजको दिन निकै फलदायी रहनेछ।

**कन्या :** भाग्यले साथ दिने दिन छ। धर्म-कर्म, अध्यात्म र परोपकारी कार्यमा रुचि बढ्नेछ।

**तुला :** आज स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले खानपानमा विशेष सतर्कता अपनाउनुहोला।

**वृश्चिक :** वैवाहिक जीवन र प्रेम सम्बन्धका लागि आजको दिन अत्यन्तै सुमधुर रहनेछ।

**धनु :** आज शत्रुहरू परास्त हुनेछन् र पुराना प्रतिस्पर्धा वा मुद्दा-मामिलामा तपाईंको जित हुनेछ।

**मकर :** बौद्धिक र रचनात्मक काममा रुचि बढ्नेछ। विद्यार्थी वर्गका लागि पढाइलेखाइमा मन जानेछ।

**कुम्भ :** पारिवारिक विषयलाई लिएर केही चिन्ता वा असमझदारी बढ्न सक्छ।

**मीन :** आज पराक्रम र साहस बढ्नेछ। छोटो दुरीको फलदायी यात्राको योग रहेको छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**


ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मधेशमा लागुऔषधको दलदल: खुला सीमा र फितलो निगरानीले युवा पुस्ता जोखिममा

अपन दैनिक संवाददाता
सिरहा, असार २७ गते



एक युवक लागुऔषधको लतमा परेपछि काठमाडौँको कलेज छोड्न बाध्य भए। परिवारले लाखौँ रुपैयाँ खर्च गरेर उपचार गराए पनि उनी पटक-पटक पुरानै लतमा फर्किए। यस्ता घटना मधेश प्रदेशमा हजारौँ छन्।

भारतसँग जोडिएको खुला सीमाका कारण लागुऔषधको ओसारपसार र दुर्व्यसन मधेशका लागि गम्भीर चुनौती बन्दै गएको छ। प्रहरीको कारवाही निरन्तर चलिरहे पनि लागुऔषधको पहुँच गाउँदेखि सहरसम्म फैलिएको देखिन्छ।

हरेक पक्राउसँगै एउटै प्रश्न उठ्ने गरेको छ- लागुऔषधका कारोबारी पक्राउ पर्दा पनि नयाँ सञ्जाल कसरी बन्छ? प्रत्येक बरामदपछि अर्को खेप सीमाबाट कसरी भित्रिन्छ र किन युवाहरू बारम्बार यही दलदलमा फसिरहेका छन्?

एकातिर मधेश प्रदेश सरकारले लागुऔषध दुर्व्यसन रोक्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ भने प्रदेश प्रहरी कार्यालयले मातहतका निकायलाई निगरानी बढाउन निर्देशन दिएको छ। तर, दैनिकजसो लागुऔषध बरामद, ओसारपसारमा संलग्न व्यक्ति पक्राउ तथा दुर्व्यसनमा फसेका युवा कारोबारीको समाचार सार्वजनिक भइरहेका छन्।

भारतसँग जोडिएको मधेश प्रदेशका आठै जिल्लामा करिब ३६५ किलोमिटर खुला सीमा रहेको छ। सीमापार भारतीय बजारमा लागुऔषध सहज रूपमा उपलब्ध हुने भएकाले प्रतिबन्धित औषधि सेवन गर्ने र खरिद गर्ने युवाका लागि ती क्षेत्र सुरक्षित गन्तव्य बन्दै गएका छन्।

यसको पुष्टि प्रहरीको तथ्याङ्कले पनि गर्छ। धनुषामा मात्र पछिल्लो तीन वर्षमा १७० वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएका छन्, जसमा २२० जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपाने भन्छन्, "नेपालबाट गाँजा भारततर्फ जाने र भारतबाट ट्याब्लेट तथा ब्राउन सुगर नेपाल भित्रिने क्रम देखिएको छ। ठूलो परिमाणमा बरामद पनि भएको छ। धेरैलाई पक्राउ गरी मुद्दा चलाएका छौँ र अन्यको खोजी जारी छ।"

प्रहरीका अनुसार लागुऔषध प्रयोगकर्तामध्ये १५ देखि २८ वर्ष उमेर समूहका युवा सबैभन्दा बढी छन्। मधेश प्रदेशमा लागुऔषध दुर्व्यसनले सामाजिक अपराधसमेत बढाएको सरोकारवालाहरूको भनाइ छ।

"चोरी, डकैती, लुटपाट, सडक दुर्घटना तथा अन्य आपराधिक गतिविधिमा दुर्व्यसनको प्रभाव देखिन थालेको छ," सर्लाहीको गोडैता नगरपालिका-३ का राजीव कुशवाहा बताउँछन्।

जनकपुरधाम-१० का राजु गुप्ता भने पारिवारिक निगरानीको अभाव र गलत सङ्गतलाई मुख्य कारण मान्छन्। उनी भन्छन्, "परिवारको निगरानी कमजोर हुँदा र गलत सङ्गतमा परेपछि धेरै युवा दुर्व्यसनमा फसिरहेका छन्।"

नागरिक समाजका अगुवा नन्दकिशोर झा भन्छन्, "के गाउँ, के सहर-सबैतिर युवाहरू दुर्व्यसनको आगोमा फसिरहेका छन्। वैदेशिक रोजगारीमा गएका अभिभावकका सन्तान स्वतन्त्र हुने, आमाबुबाको कुरा नमान्ने, विद्यालय जाने भन्दै झुट बोल्ने र साथीको लहैलहैमा लाग्ने प्रवृत्तिले समस्या बढाएको छ। सरकारले समयमै प्रभावकारी कदम चाल्न सकेन भने यो आगो निभाउन गाह्रो हुन्छ।"

**प्रहरीको सक्रियता र सीमामा निगरानी**

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेका अनुसार सीमावर्ती क्षेत्रमा प्रहरीको निगरानी बढाइएको छ। प्रवक्ता गोलेले भने, "खुला सीमा भएकाले भारतका प्रहरीसँग पनि सहकार्य गरेर लागुऔषध कारोबारी र दुर्व्यसनमा संलग्नलाई नियन्त्रणमा लिएका छौँ। सीमास्थित प्रहरी पोस्ट

बाँकी पृष्ठ ४

# सरकारी अनुदानका खानेपानी स्रोतबाट चर्को शुल्क नलिन प्रशासनको चेतावनी




अपन दैनिक संवाददाता
जनकपुरधाम, असार २७ गते

मनसुनी वर्षा सुरु भइसके पनि धनुषाका विभिन्न क्षेत्रमा खडेरी र खानेपानीको समस्या देखिएपछि जिल्ला प्रशासन कार्यालय धनुषाले सरकारी अनुदानमा जडान गरिएका भूमिगत खानेपानीका स्रोतबाट चर्को शुल्क नलिन सम्बन्धित पक्षलाई चेतावनी दिएको छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलद्वारा शुक्रबार जारी सूचनामा कमला नगरपालिका लगायत जिल्लाका केही स्थानीय तहका वडा तथा बस्तीमा बोरिङ, डिप बोरिङ तथा अन्य पानीका स्रोतबाट पर्याप्त पानी नआउँदा खानेपानीको समस्या उत्पन्न भएको उल्लेख गरिएको छ।

प्रशासनका अनुसार प्रभावित क्षेत्रमा तत्काल पिउने पानीको व्यवस्था मिलाउन सम्बन्धित वडा, स्थानीय तह तथा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँग समन्वय गरी आवश्यक पहल भइरहेको छ।

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विभिन्न दातृ निकायको अनुदानमा जडान गरिएका पम्पसेट, बोरिङ, डिप बोरिङ र इनारजस्ता सामुदायिक खानेपानी तथा सिँचाइका स्रोतबाट केही जग्गाधनीले अत्यधिक शुल्क लिएर मात्र पानी उपलब्ध गराउने गरेको गुनासो प्रशासनमा पुगेको बताउँदै प्रशासनले सरकारी अनुदानमा निर्माण भएका यस्ता संरचनाबाट समुदायले निर्धारण गरेको सर्वसुलभ दरमै खानेपानी तथा सिँचाइ सुविधा उपलब्ध गराउन आग्रह गरेको छ।

व्यक्तिगत लाभ वा नाफा कमाउने उद्देश्यले चर्को शुल्क असुलेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनी पनि जिल्ला प्रशासन कार्यालय धनुषाले दिएको छ।

## मधेश प्रदेश सरकारको बजेट खर्च ............

अर्थात ४ अर्ब ३५ करोड ८० लाख २३ हजार ९५५ रुपैयाँ खर्च गरेको हो। अर्थमन्त्रालयका लागि १९ करोड ७० लाख १६ हजार रुपैयाँ विनियोजन गरेकोमा त्यसको ६५.६८ प्रतिशत अर्थात १२ करोड ९४ लाख ८ हजार ४५७ रुपैयाँ खर्च गरेको हो।

वन तथा वातावरण मन्त्रालयका लागि २ अर्ब ३४ करोड ९ लाख ८२ हजार रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ६३.७६ प्रतिशत अर्थात १ अर्ब ४९ करोड २५ लाख १५ हजार ४९५ रुपैयाँ खर्च भएको छ।

यस्तै, शिक्षा तथा संस्कृति मन्त्रालयका लागि ३ अर्ब ५० करोड २१ लख ५५ हजार रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ६०.८८ प्रतिशत अर्थात २ अर्ब १३ करोड २२ लाख २ हजार २११ रुपैयाँ खर्च भएको छ।

यसैगरि भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि १७ अर्ब ३० करोड ३१ लख १४ हजार ७३८ रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ५८.६७ प्रतिशत अर्थात १० अर्ब १५ करोड १६ लाख ३४ हजार ४५३ रुपैयाँ खर्च गरेको हो।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका लागि ३ अर्ब ९ करोड २ लाख ३३ हजार ४७७ रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ५१.७७ प्रतिशत अर्थात १ अर्ब ५९ करोड ९७ लाख ७८ हजार ३४७ रुपैयाँ खर्च गरेको हो। श्रम तथा यातायात मन्त्रालयका लागि ५८ करोड ६० लाख ८४ हजार ४ सय रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ४९.९१ प्रतिशत अर्थात २९ करोड २५ लाख ३३ हजार ३४२ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको हो।

यस्तै, गृह, सञ्चार तथा कानुन मन्त्रालयका लागि ६७ करोड ९५ लाख ३९ हजार ६५० रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ४८.९२ प्रतिशत अर्थात ३३ करोड २३ लाख ९७ हजार ७६७ रुपैयाँ खर्च भएको हो। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि २ अर्ब २५ करोड ४ लाख २९ हजार रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ४७.८७ प्रतिशत अर्थात १ अर्ब ७ करोड ७३ लाख ७२ हजार २१० रुपैयाँ खर्च भएको हो।

यसैगरि खेलकुद तथा समाज कल्याण मन्त्रालयका लागि १ अर्ब ७८ करोड ७३ लाख रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ४६.१७ प्रतिशत अर्थात ८२ करोड ५२ लाख ४८ हजार ११४ रुपैयाँ खर्च भएको हो।

उर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयका लागि ४ अर्ब ४४ करोड २१ लख ९० हजार ९७० रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ४०.६५ प्रतिशत अर्थात १ अर्ब ८० करोड ५६ लाख ४३ हजार ८०७ रुपैयाँ खर्च भएको हो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि आव २०८२/८३ मा ४७ करोड ३३ लाख रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ३७.०६ प्रतिशत अर्थात १७ करोड ५४ लाख ८१६ रुपैयाँ खर्च गरेको हो।

# शिक्षकको जागिर छाडेर बेरोजगार बनेका विवेकले किन गरे आत्मदाहको प्रयास ?

अपन दैनिक संवाददाता
सर्लाही, असार २७ गते



विज्ञान विषयमा स्नातकोत्तर (एमएससी) गरेका सर्लाहीका एक युवकले आफ्नै शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका छन्। गोडैता नगरपालिका-१० सिसौटियाका ३५ वर्षीय विवेक मण्डल गम्भीर घाइते भएपछि उनलाई नेपाली सेनाको हेलिकप्टरमार्फत काठमाडौंस्थित कीर्तिपुर बर्न अस्पताल लगिएको छ।

शुक्रबार दिउँसो आत्मदाह प्रयासका क्रममा गम्भीर घाइते भएका विवेकलाई सुरुमा प्रादेशिक अस्पताल मलंगवामा उपचार गरिएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि शुक्रबार साँझ नै थप उपचारका लागि कीर्तिपुरस्थित बर्न अस्पताल पठाइएको हो।

प्रादेशिक अस्पताल मलंगवाका शल्यचिकित्सक डा. संजीवकुमार झाले विवेकको शरीरको करिब ८५ प्रतिशत भाग जलेको बताए। 'अस्पताल ल्याउँदा टाउकोदेखि खुट्टासम्म जलेको अवस्था थियो। यति धेरै जलेका बिरामीलाई बचाउन निकै चुनौतीपूर्ण हुन्छ,' उनले भने, 'अस्पतालमा प्रारम्भिक उपचारका क्रममा जलेका भागमा ड्रेसिङ, आवश्यक औषधि तथा तरल पदार्थ (फ्लुइड) दिई अवस्था स्थिर बनाउने प्रयास गरिएको थियो।'

त्यसपछि जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, गृह मन्त्रालय तथा स्वास्थ्य निकायबीच समन्वय भएपछि साँझ करिब ७ बजे हेलिकप्टरमार्फत काठमाडौं पठाइएको उनले बताए।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी उपरीक्षक रवीन्द्रनाथ पौडेलका अनुसार विवकको आईसीयूमा राखेर उपचार भइरहेको छ। 'पछिल्लो अवस्थाबारे अस्पतालसँग निरन्तर सम्पर्कमा छौं। उहाँको अवस्था गम्भीर छ,' उनले भने।

परिवार स्रोतका अनुसार विवेक विज्ञान विषयमा स्नातकोत्तर (एमएससी) उत्तीर्ण थिए। उनले २०७९ सालदेखि महोत्तरीको गौशाला नगरपालिका -१ स्थित श्री माध्यमिक विद्यालय रामनगरमा करार शिक्षकका रूपमा करिब तीन वर्ष अध्यापन गरेका थिए। गत साउनमा जागिर छाडेपछि उनी घर फर्किएका थिए।

विवेकका बुवा उपेन्द्र मण्डलका अनुसार शिक्षकको जागिर छोडेपछि उनी पछिल्लो समय रोजगारी नपाउँदा चिन्तित रहने गरेका थिए। 'जागिर छाडेपछि धेरै ठाउँमा आवेदन दियो। लिखित परीक्षामा राम्रो अंक ल्याउँथ्यो तर अन्तर्वार्तामा सफल हुन सकेन,' विवेकका बुवा उपेन्द्रले भने, "पढाइका क्रममा भएको खर्च र परिवारको आर्थिक अवस्था सुधार्ने चिन्ता उसलाई सधैं भइरहन्थ्यो।'




महोत्तरीको गौशाला नगरपालिका-१ का वडाध्यक्ष नवीनकुमार साहले शिक्षकको जागिर छोड्नुको कारणबारे विद्यालयभित्र केही विवाद रहेको बताउँछन्।

'उहाँले झन्डै तीन वर्ष विद्यालयमा पढाउनुभयो। तर, पछि केही विवाद उत्पन्न भएपछि विद्यालय व्यवस्थापन समिति र नगरपालिकाको शिक्षा शाखाको समन्वयमा सेवा निरन्तरता हुन सकेन,' उनले भने, 'त्यसपछि उहाँ विद्यालय छाडेर घर फर्किनुभएको हो।'

स्थानीय सुरेश राउतका अनुसार मण्डल पछिल्लो करिब एक वर्षदेखि बेरोजगार थिए। रोजगारी नपाउनु, आर्थिक अभाव र अन्य व्यक्तिगत समस्याका कारण उनी मानसिक तनावमा रहेको स्थानीयको भनाइ छ।

गोडैता नगरपालिका- १० का वडाध्यक्ष वैद्यनाथ मण्डलले पनि विवेक केही समयदेखि मानसिक तनावमा रहेको जानकारी आएको बताए। 'केही समयअघि मसँग पनि सामान्य विवाद भएको थियो। पछिल्लो समय उहाँ मानसिक रूपमा असहज अवस्थामा रहेको कुरा स्थानीयबाट सुन्ने गरेका थियौं,' उनले भने।

प्रहरीका अनुसार घटनाको कारणबारे थप अनुसन्धान भइरहेको छ। प्रारम्भिक रूपमा मण्डल केही समयदेखि मानसिक तनावमा रहेको देखिएपनि घटनाको यथार्थ कारणबारे अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

## कञ्चनपुर-कमला सडकखण्डको ............

सिरहाको कमला पुलसम्म पर्ने ४७.२१ किलोमिटर लामो पश्चिमी खण्डको कुल लागत ८ अर्ब ८० करोड ७० लाख १८ हजार रुपैयाँ रहेको छ। एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा स्तरोन्नति भइरहेको यो राजमार्ग बजार क्षेत्रमा ६ लेन र अन्य क्षेत्रमा ४ लेनको हुनेगरी निर्माण भइरहेको छ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# प्रदेशसभाबाटै बजेट पास गर्छौं : अर्थमन्त्री भट्टराई

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २७ गते**

मधेश प्रदेशसभा निरन्तर अवरोधका कारण मधेश सरकारको बजेट छलफलमा प्रवेश गर्न सकेको छैन। जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राप्रपा नेपालको निरन्तर अवरोधले बजेट सत्रमा प्रवेश नपाउँदा छलफल हुन नसकेको हो। तर असार मसान्तसम्म बजेट पास गर्नै पर्ने बाध्यकारी नियमले बजेट छलफलका लागि प्रदेशसभा बैठक बोलाइएको छ।

मधेश सरकारका अर्थमन्त्री युवराज भट्टराई (समिर) प्रतिपक्षी दलहरूसँग निरन्तर छलफलमा रहेको बताएका छन्। उनले भने, 'विपक्षी दललाई धेरै पटक सहमतिमा ल्याउने प्रयास




गरियो तर भएन। त्यसैले हाउस अब अनिर्णयको बन्दी बनाउनु भएन। त्यसैले सरकार पक्षले हाउस निरन्तर चलाउन आग्रह अनुसार आइतबार देखि निरन्तर प्रदेशसभा सुचारु हुनेछ।'

'आर्थिक वर्ष २०८३/०८४ को बजेट सर्वसम्मतले की बहुमतले पास गर्ने कुरा मात्र हो', अर्थमन्त्री भट्टराईले भने, 'सरकारसँग बहुमत छ, त्यसैले बजेट कसरी फेल गराउने ? सम्भव नै छैन। बजेट हामीले सकभर सर्वसम्मत पास गरौं भन्ने मनसाय हो। म बजेटभित्र उठ्ने प्रश्नको जवाफ दिन पनि तयार छु। तर बोल्दै दिइएको छैन।'

उनले भने, 'बजेटभित्र छलफल प्रवेश नै गरेको छैन। म जवाफ दिन उठ्छु, बोल्न दिँदैनन्। जनप्रतिनिधि र स्थानीय तहहरूले कस्ता-कस्ता, योजना मागे त्यो म देखाउन तयार छु। यो प्रोजेक्ट बैंकबाट तयार भएको सिस्टेमिटिक योजनामा अलिअलि प्राविधिक त्रुटि भएको छ। तर बजेट बाहिरको कुरा ल्याएर प्रदेशसभा बन्धक बनाइनु उचित होइन।'

# होल्डिङ सेन्टरमा प्रहरी हस्तक्षेपप्रति 'जेनजी मुभमेन्ट एलाइन्स' को घोर आपत्ति, दोषीमाथि कारबाही गर्न माग

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २७ गते**

कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा आश्रय लिइरहेका सुकुमबासी तथा विस्थापित नागरिकहरूको अवस्था बुझ्न र सहयोग गर्न पुगेका शान्तिपूर्ण नागरिक तथा युवाहरूमाथि प्रहरीले दमन, कुटपिट र मनपरी गिरफ्तारी गरेको भन्दै 'जेनजी मुभमेन्ट एलाइन्स' ले घोर आपत्ति जनाएको छ। एलाइन्सले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै प्रहरीको उक्त कदम लोकतान्त्रिक मूल्यमान्यता, कानुनी शासन र मानवअधिकारमाथिको प्रत्यक्ष आक्रमण भएको दाबी गरेको छ।



सरकारले पर्याप्त तयारी, वैकल्पिक आवास र मानवोचित व्यवस्थापन बिना नै गत वैशाख महिनादेखि जबर्जस्ती उठाएका सुकुमबासीहरूलाई कीर्तिपुर होल्डिङ सेन्टर लगायतका अस्थायी व्यवस्थापन स्थलहरूमा राखेको विज्ञप्तिमा उल्लेख छ। निरन्तरको वर्षाका कारण उक्त होल्डिङ सेन्टर डुबानमा परेपछि त्यहाँका विस्थापितहरूको अवस्था बुझ्न र आवश्यक सहयोग पुऱ्याउन पुगेका युवाहरूमाथि प्रहरीले अभद्र व्यवहार, गालीगलौज र कुटपिट गरेको एलाइन्सको आरोप छ। प्रहरीले कुनै स्पष्ट कानुनी आधार वा पक्राउ पुर्जी बिना नै जेन जी मुभमेन्ट एलाइन्सका प्रतिनिधि माजिद अन्सारी लगायतका व्यक्तिहरूलाई नियन्त्रणमा लिएको प्रति संस्थाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

प्रभावित नागरिकहरूको अवस्था अनुगमन गर्ने, मानवीय सहयोग गर्ने वा राज्यका कार्यप्रति प्रश्न उठाउने कार्य कुनै पनि हालतमा अपराध नभएको विज्ञप्तिमा प्रस्ट पारिएको छ। नेपालको संविधानले नागरिकलाई शान्तिपूर्ण रूपमा भेला हुने, प्रदर्शन गर्ने र सार्वजनिक सरोकारका विषयमा आवाज उठाउने मौलिक अधिकार सुनिश्चित गरेको स्मरण गराउँदै एलाइन्सले राज्य शक्तिको दुरुपयोग गरी नागरिकको आवाज दबाउन खोज्नु निन्दनीय भएको बताएको छ। नागरिकको सुरक्षा र अधिकारको संरक्षण गर्नुपर्ने प्रहरी संगठन नै आफैं दमनमा उत्रिनु अत्यन्तै चिन्ताजनक भएको उसले उल्लेख गरेको छ।

एलाइन्सले यस घटनाको स्वतन्त्र, निष्पक्ष र तत्काल छानबिन गरी दोषी प्रहरी कर्मचारीमाथि कानुन बमोजिम कारबाही गर्न र पीडितहरूलाई न्याय सुनिश्चित गर्न सम्बन्धित निकायसँग जोडदार माग गरेको छ। यसका साथै नियन्त्रणमा लिइएका माजिद अन्सारी लगायत सबै व्यक्तिहरूलाई बिना सर्त तत्काल रिहा गर्न तथा शान्तिपूर्ण भेला र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक अधिकारको पूर्ण सम्मान गर्न पनि ध्यानाकर्षण गराएको छ।

विस्थापित एवं सुकुमबासी परिवारहरूको सुरक्षा, मानवोचित आवास, खाद्यान्न, स्वास्थ्य र सरसफाइको तत्काल व्यवस्था गर्न माग गर्दै एलाइन्सले जबर्जस्ती उठीबास लगाउने र बल प्रयोग गर्ने नीति तत्काल अन्त्य गरी अर्थपूर्ण संवादमार्फत न्यायपूर्ण समाधान खोज्न सरकारसँग अपिल गरेको छ। लाठी, गिरफ्तारी र दमनले सत्य र न्यायको आवाज दबाउन नसकिने भन्दै संस्थाले यस घटनाको निरन्तर निगरानी र न्यायका लागि आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गरेको छ।

## मधेशको बजेटमाथि छलफलका लागि बोलाइयो ............

जानकारी दिए।

बजेटलाई लिएर विपक्षी दलले असन्तुष्टि जनाएका छन्। उनीहरूले प्रदेश सभाको बैठक अवरुद्ध गर्दै आएका छन्। जसले गर्दा असार १४ गतेयता प्रदेश सभाको बैठक बस्न सकेको छैन।

मधेशमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को गठबन्धन सरकार रहेको छ। गठबन्धन सरकारका मन्त्रीहरूले उपभोक्ता समितिमुखी बजेट नियन्त्रण गर्ने नाममा कमीशनमुखी भद्रगोल बजेट ल्याएको आरोप विपक्षी दलको छ।

प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री सरोज यादवले भने बजेट अवरुद्ध पार्ने रहर नभएको प्रतिक्रिया दिए। जनताको विकासभन्दा पनि अर्बौं रुपैयाँ बराबरको सेटिङको आधारमा कमीशनमुखी पोषणको कार्यक्रम राखिएको र मन्त्री तथा सत्तारुढ दलका सांसदको निर्वाचत क्षेत्रमुखी बजेट भएका कारण विरोध गर्नु परेको यादवको भनाइ छ।

## कर्तव्य ज्यान र संगठित अपराधका दुई प्रतिवादी ............

एक लाख रुपैयाँ अग्रिम भुक्तानी गरिएको र बाँकी दुई लाख रुपैयाँ दिन बाँकी रहेको अनुसन्धानबाट देखिएको छ।

घटनाका दिन प्रेमनाथ यादव खेतमा काम गरिरहेका बेला उनका भाइ अभयनाथ यादवले सञ्चालन गरिरहेको बकेट जडान गरिएको ट्र्याक्टरबाट माटो अर्को ट्र्याक्टरमा हाल्ने काम भइरहेको थियो। भाइ र चालक खाना खान घरतर्फ गएलगत्तै अपराहन करिब साढे ३ बजे प्रेमनाथमाथि गोली प्रहार गरी हत्या गरिएको प्रहरीले जनाएको छ।

यस्तै, औरही गाउँपालिका-५ स्थित जितिया मन्दिरका पुजारी श्यामसुन्दर शर्मामाथि गत ४ माघको राति सुतिरहेको अवस्थामा भ्र्यालबाट गोली प्रहार गरी हत्या गर्ने प्रयास भएको थियो। प्रहरीका अनुसार पारिवारिक रिसइबीका कारण हरि ठाकुरले भारतीय सुटरलाई ५० हजार रुपैयाँमा परिचालन गरेको अनुसन्धानबाट खुलेपछि उनलाई पनि गत २७ वैशाखमा सिरहा-१ को हनुमान चोकबाट पक्राउ गरिएको थियो।

दुवै घटनामा भारतीय सुटर प्रयोग गरिएको, त्यसको आर्थिक लेनदेन तथा योजनाबद्ध रूपमा अपराध गरिएको प्रमाण फेला परेपछि अदालतले दुवै प्रतिवादीलाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको प्रहरीले जनाएको छ। दुवै मुद्दाको थप न्यायिक प्रक्रिया जारी रहेको छ।

# श्री जनता आधारभूत विद्यालय महदेवा

**मिर्चैया नगरपालिका-१, सिरहा**
**मधेश प्रदेश (नेपाल)**

## शिक्षक आवश्यकता सम्बन्धि सूचना ।

**(सूचना प्रकाशित मिति : २०८३/०३/२५)**

यस विद्यालयमा प्रा.शि.तृतीय साधारण दरबन्दीमा संख्या -१ (एक) र वालविकाश स.का.-१ (एक) रिक्त रहेकोले सो रिक्त दरबन्दीमा मिर्चैया न.पा. शिक्षा, युवा तथा खेलकुद शाखाको च.नं. २३८ मिति २०८३/०३/२४ र शिक्षा विकास तथा समन्वय इकाई सिरहाको च.नं. १६२२ मिति २०८३/०३/२४ गतेको प्राप्त पत्रानुसार र वि.व्य.स. को मिति २०८३/०३/२५ गतेको निर्णय अनुसार तपसिलका मापदण्ड पुरा गरेका उम्मेदवारहरुमा दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/२०८२/०८३ | प्रा.शि.साधारण दरबन्दी करार | प्रा.शि.तृतीय | १ (एक) | |
| २. | २/२०८२/०८३ | वालविकाश (स.का.) करार | वालविकाश | १ (एक) | |

**१. उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
**२. शैक्षिक योग्यता** : आई.एड. वा सो सरह,
**३. आवश्यक कागजातहरु** :शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाण पत्र, निरोगीताका प्रमाण पत्र, स्थायी अध्ययापन अनुमतिपत्र, पार्सपोर्ट साईजको २ प्रति फोटो, हस्तलिखित निवेदन, (सबै आवश्यक कागजातको २/२ प्रति छायाँकपी २ ओटा फाइलमा राखी पेश गर्नु परनेछ, वालविकाशको हकमा अध्यापन अनुमति पत्र आवश्यक छैन।)
**४. तलब** : नेपाल सरकारको प्रचलित कानुन बमोजिम
**५. दरखास्त दस्तुर** : प्रा.शि. को रू. १२००/- र वालविकाशको रु. १००० /-
**६. दरखास्त दिने मिति** : २०८३/०३/२५ देखि २०८३/०४/१९ गते सम्म करार योग्यता क्रममा भएकाको लागि समेत (६:०० बजे देखि १२:०० सम्म)
**७. दरखास्त दिने स्थान** : श्री जनता आ.वि. महादेवा, मिर्चैया -१ सिरहा
**८. परीक्षाको किसिम : लिखित** (सामान्य र विषयगत) **अन्तवार्ता** (आवश्यता अनुसार प्रयोगात्मक समेत)
**९. सम्पर्क मिति** : २०८३/०४/२० गते
**१०. परीक्षा मिती र स्थान** : सम्पर्क मितिमा तोकिनेछ।
थप जानकारीका लागि सम्पर्क नं:- ९८६७१९५८३९

## मधेशमा लागुऔषधको दलदल ..........

र इलाका प्रहरी कार्यालयलाई विशेष निर्देशन दिइएको छ।"

यता बिहीबार भिटामोड नाकामा भारतीय प्रहरीले पनि सीमामा आउने-जाने नागरिकलाई लागुऔषध नियन्त्रणका विषयमा सचेत गराएको थियो। भारतबाट नेपाल र नेपालबाट भारत लागुऔषध ओसारपसार हुन नदिन दुवै देशका सुरक्षाकर्मीलाई सूचना दिनसमेत आग्रह गरिएको थियो।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार ४९६ जनामा किट परीक्षण गर्दा २६४ जना पोजेटिभ भेटिएका छन्। तीमध्ये २२० जनालाई अभिभावकको जिम्मा लगाइएको छ भने २३ जनाविरुद्ध मुद्दा चलाइएको प्रहरीले बताएको छ।

मधेश प्रदेशका सञ्चार तथा कानुन मन्त्री फकिरा महतो लागुऔषध नियन्त्रणलाई सरकारले प्राथमिकतामा राखेको बताउँछन्। मन्त्री महतोले भने, "लागुऔषध नियन्त्रणका लागि प्रहरी प्रशासनलाई आवश्यक स्रोत-साधन उपलब्ध गराउने, पुनर्स्थापना केन्द्रलाई सुदृढ बनाउने, पीडित परिवारलाई मनोसामाजिक सहयोग उपलब्ध गराउनेलगायतका काम अघि बढाइसकेका छौं। न्यूनीकरणका लागि जे गर्नुपर्छ, सरकार पछि हट्दैन।"

न्यु मुस्कान पुनर्स्थापना केन्द्र, जनकपुरका निर्देशक सन्तोष ठाकुरका अनुसार केन्द्रमा १४ वर्षदेखि ६० वर्षसम्मका दुर्व्यसनमा फसेका व्यक्ति आउने गरेका छन्। "हाम्रो तथ्याङ्कअनुसार विगत वर्षभन्दा यो वर्ष दुर्व्यसनमा युवाहरूको सङ्ख्या केही घटेको देखिए पनि मधेश प्रदेशका विभिन्न जिल्लाबाट आउने किशोरी र महिलाहरूको सङ्ख्या बढेको छ। अहिले पनि हाम्रो केन्द्रमा २५ देखि ३० जनासम्म उपचाररत छन्," ठाकुरले भने।

काउन्सेलिङका क्रममा साथीको लहैलहै, बेरोजगारी, घरायसी कलह र प्रेममा बिछोडजस्ता कारणले धेरै व्यक्ति दुर्व्यसनमा फसेको पाइएको उनले बताए। ठाकुर थप्छन्, "दुर्व्यसन एउटा रोग हो। समयमै उपचार गरे निको हुन्छ, तर अभिभावकले ढिला गरेर मात्रै पुनर्स्थापनामा ल्याउने प्रवृत्ति अझै छ।"

मानसिक रोग विशेषज्ञ डा. रावित रञ्जनका अनुसार पछिल्ला केही वर्षयता मधेशमा लागुऔषध दुर्व्यसन चिन्ताजनक रूपमा बढेको छ, विशेषगरी १५ देखि ३० वर्ष उमेर समूहका किशोर-युवा बढी प्रभावित छन्। अहिले किशोरी र युवतीहरू पनि प्रभावित हुन थालेका छन्। उपचारका लागि आउने धेरै बिरामीले साथीभाइको सङ्गत, जिज्ञासा, बेरोजगारी, पारिवारिक तनाव वा विदेशबाट फर्किएका साथीहरूको प्रभावमा लागुऔषध प्रयोग सुरु गरेको बताएका छन्।

जनकपुर प्रादेशिक अस्पतालका मानसिक रोग विशेषज्ञ डा. तेजनारायण महतो भन्छन्, "धेरै युवाले सुरुमा चुरोट, मदिरा वा गाँजाबाट सुरु गर्छन्। पछि ट्याब्लेट, सिरिन्जमार्फत प्रयोग गरिने लागुऔषध र अन्य कडा पदार्थतर्फ आकर्षित हुन्छन्। त्यसले डिप्रेसन, चिन्ता, अनिद्रा, आक्रामक व्यवहार, स्मरणशक्ति कमजोर हुने, पढाइ छोड्ने, परिवारसँग सम्बन्ध बिग्रिने र कतिपय अवस्थामा आत्मघाती सोचसमेत देखिने समस्या बढाएको छ।"

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकाल भन्छन्, "प्रहरीले नियमित चेकजाँच, विशेष अभियान, गस्ती तथा सूचनाको आधारमा लागुऔषध नियन्त्रणका कारबाही सञ्चालन गर्दै आएको छ। गाँजा, ब्राउन सुगर, ट्रामाडोल, डाइलेक्स, नाइट्राभेटलगायतका लागुऔषध बरामद भएका छन्। ओसारपसार र बिक्री-वितरणमा संलग्न व्यक्तिलाई पक्राउ गरी अनुसन्धान भइरहेको छ।"

उनका अनुसार मधेश प्रदेशका आठै जिल्लामा खुला सीमा रहेकाले प्रहरीको कारबाही मात्र पर्याप्त हुँदैन। उनी भन्छन्, "परिवार, विद्यालय, स्थानीय तह, स्वास्थ्य संस्था र समुदाय सबैको सक्रिय सहभागिता आवश्यक छ। युवालाई समयमै सचेतना, परामर्श र उपचार उपलब्ध गराउन सके मात्रै दुर्व्यसन न्यूनीकरण प्रभावकारी हुन्छ।"

प्रहरीका अनुसार जेठ महिनामा प्रदेशभर लागुऔषध ओसारपसारमा संलग्न ८० जना तथा १३ वटा सवारीसाधन नियन्त्रणमा लिइएको थियो। यस्तै असार १ गतेदेखि २४ गतेसम्म ५२ जनालाई नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अघि बढाइएको छ।

मधेश प्रदेशमा लागुऔषध दुर्व्यसन केवल कानुनी अपराधको विषय मात्र होइन, गम्भीर सामाजिक, स्वास्थ्य र विकासको चुनौती बनेको छ। खुला सीमा, बेरोजगारी, साथीभाइको दबाव, कमजोर पारिवारिक निगरानी र बढ्दो मानसिक तनावका कारण विशेषगरी किशोर-किशोरी दुर्व्यसनको जोखिममा परिरहेका छन्।

प्रहरीको नियन्त्रणात्मक अभियान जारी रहे पनि समस्या पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन। त्यसैले कानुनी कारबाहीसँगै विद्यालय, परिवार, समुदाय, स्वास्थ्य संस्था र तीनै तहका सरकारबिच प्रभावकारी समन्वय अपरिहार्य देखिन्छ। युवालाई लागुऔषधबाट जोगाउने दीर्घकालीन उपाय भनेको सचेतना, रोजगारीका अवसर, सहज उपचार सेवा र प्रभावकारी पुनर्स्थापना हो। केवल पक्राउ र कारबाहीले मात्र होइन, रोकथाम, उपचार र सामाजिक पुनः एकीकरणलाई समान प्राथमिकता दिए मात्रै मधेश प्रदेशमा लागुऔषध नियन्त्रण प्रभावकारी बन्न सक्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल